**रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयकमा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०१/०४ को निर्णय अनुसार रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयकको मस्यौदामा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०१/१० गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**१. विधेयक गर्नु पर्नाको कारणः**

नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने तथा राज्यबाट आकस्मिक स्वास्थ्य सेवामा वञ्चित गरिने छैन भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिष्पर्धी नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ । सोही बमोजिम सरकारीस्तरमा स्वास्थ्य संस्था, अस्पताल स्थापना गरी स्वास्थ्य सेवा प्रदान गर्ने लगायतका उद्धेश्य प्राप्तिका लागि बिभिन्न स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापना तथा सञ्चालन हुँदै आएका छन् । नेपालमा चिकित्सा शिक्षातर्फ तथा स्वास्थ्य उपचारका सम्बन्धमा सहज तथा सरल पहुँच वृद्धि गरी यस क्षेत्रमा प्रविधिको विस्तार गर्न बिभिन्न नविनतम विधामा अध्ययन अध्यापन मार्फत शैक्षिक गुणस्तर हासिल गर्नुका साथै स्वास्थ्य सेवाको विकास तथा विस्तार गर्नु परेको छ।

नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानद्वारा मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्नको लागि "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयक तर्जुमा गरिएको छ ।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयकको कार्यान्वयनबाट नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था हुने र मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुने तथा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवम् गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी नेपालको संविधानको धारा ३५ ले प्रदान गरेको नागरिकहरुको स्वास्थ्य सम्बन्धी हक कार्यान्वयन गर्न सहयोग पुग्ने देखिन्छ ।

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने विधेयकमा प्रतिष्ठानको स्थापना, उद्देश्य, यस प्रतिष्ठाको सभा, प्राज्ञिक परिषद, कार्यकारी परिषद, विद्या परिषद्, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र, प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी, प्रतिष्ठानको कोष तथा लेखा प्रणाली, आरक्षण तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था गरिएको छ । त्यस्तै यस प्रतिष्ठानको केन्द्रीय कार्यालय सप्तरी जिल्लाको राजविराज नगरपालिकामा रहने गरी व्यवस्था गरिएको छ ।

यस प्रतिष्ठानबाट स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आवश्यक जनशक्ति तयार गर्न तथा स्वास्थ्य सेवामा सर्वसाधारण जनतालाई सहज रूपमा सुलभ एवं गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य हुने र यसको कोषमा नेपाल सरकारबाट प्राप्त रकम, शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरूप प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने गरी व्यवस्था गरिएको छ ।

प्रस्तुत विधेयकमा सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद्, संकाय, अनुसन्धान केन्द्र, शैक्षिक संस्था, अस्पताल, तोकिए बमोजिमका अन्य निकाय सहितका स्वरुप रहने भएको र ति निकायहरुको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक पदाधिकारी, शिक्षक तथा कर्मचारी सहितका संरचना रहने भएकोले यी पदाधिकारी, शिक्षक तथा कर्मचारी सहित शिक्षण अस्पतालको सञ्चालन प्रतिष्ठानको कोषबाट हुनेछ उक्त कोषमा नेपाल सरकारबाट उपलब्ध हुने रकमको कारण नेपाल सरकारलाई आर्थिक दायित्व पर्न जाने हुन्छ। तथापि गजेन्द्र नारायण सिंह अस्पताल राजविराज नै प्रतिष्ठानको केन्द्रीय कार्यालय रहने भएकोले मौजुदा भौतिक संरचनाको परिधिभित्र नै प्रतिष्ठान सञ्चालन हुनेछ । प्रदेशिक सन्तुलन सहितको स्वास्थ्य उपचार तथा चिकित्सा शिक्षा तर्फका शैक्षिक कार्यक्रम सञ्चालन हुँदा तत्कालको लागि कोषमा नेपाल सरकारबाट सालवसाली विनियोजित

बजेटबाट स्रोत उपलब्ध हुन गई सरकारी खर्च वृद्धि हुने भए तापनि भविष्यमा यसबाट प्रदान भएका सेवा र गुणस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानबाट हुने आम्दानीले आत्मनिर्भर प्रतिष्ठानको रुपमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन हुनेछ । यसबाट दीर्घकालीन दायित्व कम हुन जानेछ ।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना विधेयकले संयुक्त राष्ट्र संङ्घको दिगो विकास लक्षको लक्ष नं. ३ मा रहेको सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्दै दिगो विकास लक्ष हासिल गर्न मद्दत पुग्ने देखिन्छ ।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने विधेयकमा प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापनको उद्देश्य स्पष्ट रहेको छ। त्यस्तै प्रतिष्ठान सञ्चालनको लागि प्रतिष्ठानका सभा, प्राज्ञिक परिषद, कार्यकारी परिषद, विद्या परिषद्, संकाय, शैक्षिक संस्था तथा अनुसन्धान केन्द्र जस्ता अंगहरुको व्यवस्था गरी प्रतिष्ठानको काम कारवाहीमा प्रभाबकारीता ल्याउने उद्देश्य रहेको छ। विधेयकमा भएको प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी, प्रतिष्ठानको कोष तथा लेखा प्रणाली, आरक्षण तथा छात्रवृत्ति सम्बन्धमा रहेको स्पष्ट कानूनी व्यवस्थाले प्रतिष्ठान स्थापना, सञ्चालन तथा व्यवस्थापन विभिन्न अंग तथा निकायहरुको गठन र ति निकाय/अंगहरुको काम, कर्तव्य, अधिकार र जिम्मेवारी कानूनी स्पष्टता साथै पारदर्शिता मार्फत सुशासन प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ।

**६. विधेयकको व्यवस्थाबाट जलवायू अनुकुलनमा पुग्ने सहयोगःX**

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्न बनेको विधेयक

**प्रस्तावनाः** नेपालको स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानद्वारा मुलुकलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको प्रतिष्ठानको अस्पताल सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ३ बमोजिमको चिकित्सा शिक्षा आयोग सम्झनु पर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा १९ बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १३ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "कुलपति" भन्नाले दफा १७ बमोजिमको कुलपति सम्झनु पर्छ।

(च) "डीन" भन्नाले दफा २३ बमोजिमको डीन सम्झनु पर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "निर्देशक" भन्नाले दफा २४ बमोजिमको अस्पतालको निर्देशक सम्झनु पर्छ।

(झ) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमको पदाधिकारी सम्झनु पर्छ।

(ञ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ट) "प्राज्ञिक परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य सम्वन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ढ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ण) "शिक्षाध्यक्ष" भन्नाले दफा २१ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ ।

(त) "सभा" भन्नाले दफा ८ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(थ) "सहकुलपति" भन्नाले दफा १८ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, सङ्गठन तथा काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापना** : (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धानद्वारा आवश्यक जनशक्ति तयार गर्न तथा सर्वसाधारणलाई सहज, सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको केन्द्रीय कार्यालय सप्तरी जिल्लाको राजविराज नगरपालिकामा रहनेछ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा रामराजा प्रसाद सिंह एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ ।

(२) प्रतिष्ठानले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिमको अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

५. **प्रतिष्ठानको सङ्गठन संरचना र स्वरूप** : प्रतिष्ठानको सङ्गठनात्मक संरचना देहायबमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै प्रतिष्ठानको स्वरूप हुनेछः-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) विद्या परिषद्,

(ङ) पदपूर्ति समिति,

(च) संकाय,

(छ) अनुसन्धान केन्द्र,

(ज) शिक्षण संस्था, र

(झ) अस्पताल।

६. **प्रतिष्ठानको पदाधिकारी** : (१) प्रतिष्ठानमा देहायका पदाधिकारी रहनेछन्ः-

(क) कुलपति,

(ख) सहकुलपति,

(ग) उपकुलपति,

(घ) शिक्षाध्यक्ष,

(ङ) रजिष्ट्रार,

(च) डिन, र

(छ) निर्देशक।

(२) उपदफा (१) बमोजिमको पदाधिकारी नियुक्त गर्दा पेशागत र व्यवसायिक दक्षता, संस्थागत प्रतिवद्धता, सार्वजनिक रूपमा स्वच्छ छवि र वरिष्ठतालाई आधार लिनु पर्नेछ।

७. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने, गराउने,

(ख) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ग) सर्वसाधारणलाई गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(घ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, स्वास्थ्य शिक्षण संस्था वा अस्पतालसँग आवश्यक समन्वय गर्ने,

(ङ) स्वास्थ्य विज्ञानसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग र अनुभव आदान प्रदान गर्ने,

(च) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया तथा स्वास्थ्य शिविर आयोजना गर्ने, गराउने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न पाठ्यपुस्तक लगायतका अन्य प्रकाशन तयार गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) उपदफा (१) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना प्रतिष्ठानका सङ्गठनबाट हुनेछ।

## परिच्छेद-३
## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

८. **सभाको गठन** : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सहकुलपति | -उपाध्यक्ष |
| (ग) | सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) | -सदस्य |
| (घ) | उपकुलपति | -सदस्य |
| (ङ) | उपाध्यक्ष, आयोग | -सदस्य |
| (च) | स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना | -सदस्य |
| (छ) | सचिव, मन्त्रालय | -सदस्य |
| (ज) | सचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ञ) | सचिव, मधेश प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ट) | शिक्षाध्यक्ष | -सदस्य |
| (ठ) | डीनमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना | -सदस्य |
| (ड) | प्रमुख, राजविराज नगरपालिका, सप्तरी | -सदस्य |
| (ढ) | शिक्षकमध्ये प्राज्ञिक परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना | -सदस्य |
| (ण) | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | -सदस्य |
| (त) | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल | -सदस्य |
| (थ) | मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर गरी स्वास्थ्य विज्ञानको क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव सहित विशेषज्ञता | |

हासिल गरेका व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा सहकुलपतिबाट मनोनीत दुईजना -सदस्य

(द) विज्ञान तथा प्रविधि, व्यवस्थापन, कानून, शिक्षा, समाजशास्त्र, वा मानवशास्त्रका विज्ञमध्ये सभाबाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना -सदस्य

(ध) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरेका प्रतिष्ठित विद्वान, समाजसेवी वा चन्दादातामध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(न) दलित, आदिवासी/जनजाति तथा पिछडिएको वर्गको प्रतिनिधित्व हुने गरी कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा दुई जना महिलासहित तीनजना -सदस्य

(प) निर्देशक -सदस्य

(फ) रजिष्ट्रार -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नदेखिएमा निजलाई सभाले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पद कुनै कारणले रिक्त भएमा त्यस्तो सदस्य जुन प्रक्रियाबाट मनोनयन भएको हो सोही प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

९. <u>सभाको काम, कर्तव्य र अधिकार</u> : सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको नीति, नियम, विनियम, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्राज्ञिक परिषद्बाट सिफारिस भए बमोजिम प्रतिष्ठानको पाठ्यक्रम, शिक्षण विधि, छात्रवृत्ति, उपाधि, पदक र पुरस्कार स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्धन गर्ने,

(ङ) प्रतिष्ठान तथा मातहतका निकायलाई निर्देशन वा मार्गदर्शन गर्ने,

(च) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(छ) प्रतिष्ठानको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(ज) नेपालमा सञ्चालित स्वास्थ्य विज्ञानसँग सम्बन्धित शिक्षण संस्था तथा अस्पतालसँग प्राज्ञिक तथा स्वास्थ्य सेवाका विषयमा समन्वय र सहकार्य गर्ने,

(झ) शिक्षण संस्थाको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने, र

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

१०. **सभाको बैठक** : (१) सभाको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ।

(४) सभामा तत्काल कायम रहेका बहुमत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "सदस्य" भन्नाले सभाको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिवलाई जनाउँछ।

(५) सभाको बैठक हुनुभन्दा कम्तीमा सात दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्रतिष्ठानमा कार्यरत कर्मचारी वा प्रतिष्ठानमा अध्ययनरत विद्यार्थी प्रतिनिधिलाई सभाको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(८) सभाको बैठकको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

११. **प्राज्ञिक परिषद्को गठन** : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित र नियमित गर्न एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहायबमोजिम हुनेछः-

(क) शिक्षाध्यक्ष -अध्यक्ष

(ख) रजिष्ट्रार -सदस्य

(ग) निर्देशक -सदस्य

(घ) प्रतिष्ठानको विभिन्न विधाका विभागको प्रमुखमध्ये उपकुलपतिबाट मनोनीत एकजना -सदस्य

(ङ) प्रतिष्ठानका पाठ्यक्रम वा परीक्षासम्बन्धी निकायका प्रमुखमध्ये उपकुलपतिबाट मनोनीत एकजना -सदस्य

(च) शिक्षकमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना -सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना -सदस्य

(ज) डिनमध्ये उपकुलपतिले मनोनीत गरेको डिन -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नदेखिएमा निजलाई प्राज्ञिक परिषद्ले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पद कुनै कारणले रिक्त भएमा त्यस्तो सदस्य जुन प्रक्रियाबाट मनोनयन भएको हो सोही प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(६) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार** : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित तथा नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने प्राविधिक र प्रशासनिक जनशक्तिको योग्यता निर्धारण गर्ने,

(घ) आयोगले तोके बमोजिम शिक्षकको योग्यता निर्धारण गर्ने,

(ङ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण गर्ने,

(च) आयोगले स्वीकृत गरेको मापदण्डको अधीनमा रही प्रतिष्ठानको पाठ्यक्रम शिक्षण विधि, उपाधि, छात्रवृत्ति, निर्धारण गरी स्वीकृतिका लागि सभासमक्ष सिफारिस गर्ने,

(छ) पदक र पुरस्कार स्वीकृतिका लागि सभासमक्ष सिफारिस गर्ने,

(ज) परीक्षाको मापदण्ड निर्धारण गर्ने तथा परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(झ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालिम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ञ) सभाबाट भएको प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने, र

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-५

## कार्यकारी परिषदको गठन तथा काम, कर्तव्य र अधिकार

**१३. कार्यकारी परिषद्को गठन** : (१) प्रतिष्ठानको कार्यकारी निकायको रूपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहायबमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | उपकुलपति | -अध्यक्ष |
| (ख) | शिक्षाध्यक्ष | -सदस्य |
| (ग) | प्रतिनिधि, मन्त्रालयले तोकेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | -सदस्य |
| (घ) | डिनमध्ये उपकुलपतिको सिफारिसमा सभाबाट मनोनीत एकजना | -सदस्य |
| (ङ) | निर्देशक | -सदस्य |
| (च) | विभागका प्रमुखमध्ये उपकुलपतिको सिफारिसमा सभाबाट मनोनीत दुईजना | -सदस्य |
| (छ) | शिक्षकमध्ये उपकुलपतिबाट मनोनीत एकजना | -सदस्य |
| (ज) | रजिष्ट्रार | -सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा कार्य सम्पादन सन्तोषजनक नदेखिएमा निजलाई कार्यकारी परिषद्ले जुनसुकै बखत सो पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१४. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियम तथा विनियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(घ) सभाबाट स्वीकृत उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्ने,

(ङ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्न गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(च) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(छ) आयोगको स्वीकृतिमा तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ज) प्रतिष्ठानको स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिस बमोजिम शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(झ) प्रतिष्ठानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ञ) प्रतिष्ठानलाई प्राप्त सहयोग र सहायता परिचालन गर्ने, र

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद-६

## विद्या परिषद्, सङ्काय, शिक्षण संस्था, अस्पताल

१५. **विद्या परिषद, सङ्काय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्र** : (१) प्रतिष्ठानले आवश्यकता अनुसार नेपाल सरकारको सहमतिमा विद्या परिषद्, संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्या परिषद्, संकाय, शिक्षण संस्था, विभाग तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१६. <u>अस्पतालको स्थापना र सञ्चालन</u>** : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि शिक्षण अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-७
## प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी

**१७. <u>कुलपति</u>** : (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

(३) कुलपतिले प्रतिष्ठानको निरीक्षण गर्न र निर्देशन दिन सक्नेछ।

**१८. <u>सहकुलपति</u>** : (१) मन्त्रालयको मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले आवश्यकता अनुसार प्रतिष्ठानको निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

**१९. <u>उपकुलपति</u>** : (१) उपकुलपति प्रतिष्ठानको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

(३) देहायको योग्यता भएको व्यक्ति उपकुलपतिमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) कुनै विश्वविद्यालय वा शिक्षण संस्थाको प्राध्यापक पदमा रही कम्तीमा पाँच वर्ष काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा एघारौं तह वा सो सरहको पदमा काम गरेको,

(ग) पैंतिस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत पैंसट्ठी वर्ष ननाघेको, र

(घ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य नभएको।

(४) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपतिको नियुक्ति गर्नेछ।

(५) उपदफा (४) बमोजिमको समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **उपकुलपतिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानका सबै काम कारबाही उपर सामान्य नियन्त्रण र रेखदेख गर्ने,

(ग) प्रतिष्ठानको काम कारबाहीमा आफ्नो अधिकारक्षेत्रभित्र रहेको विषयमा निर्देशन दिने,

(घ) प्रतिष्ठानद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, गराउने र सोको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गर्ने,

(ङ) सभामा पेस गर्नुपर्ने प्रस्ताव पेस गर्ने, गर्न लगाउने,

(च) प्रतिष्ठानको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने, गराउने,

(छ) प्रतिष्ठानलाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ज) आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने,

(झ) प्रतिष्ठानको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने, गराउने,

(ञ) प्रतिष्ठानसँग सम्बन्धित जनगुनासो विश्लेषण गरी सोको सम्बोधन गर्ने, र

(ट) सभाले तोकेका काम गर्ने।

२१. **शिक्षाध्यक्ष** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, प्राध्यापक पदमा काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको व्यक्ति शिक्षाध्यक्षको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ ।

(४) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(५) शिक्षाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शैक्षिक कार्यक्रमको प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) प्रतिष्ठानमा कार्यरत सम्पूर्ण शिक्षकको सामान्य रेखदेख, नियन्त्रण र मूल्याङ्कन गर्ने,

(ग) शैक्षिक प्रशासन सम्बन्धमा सभाबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रतिष्ठानको दिक्षान्त समारोहको व्यवस्था मिलाउने,

(ङ) सम्बन्धित संकायका डिन, विभागका प्रमुख तथा शिक्षकबाट शिक्षण, प्रशिक्षण र अनुसन्धानको उचित स्तर कायम राख्न लगाउने, र

(च) तोकिए बमोजिमको अन्य काम गर्ने।

२२. <u>रजिष्ट्रार</u> : (१) प्रतिष्ठानको आर्थिक तथा कर्मचारी प्रशासन सम्बन्धी काम गर्नको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको व्यक्ति रजिष्ट्रार पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(५) रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्रतिष्ठानको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) प्रतिष्ठानको कोष सञ्चालन, लेखा र लेखा परीक्षण गर्ने, गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने ,गराउने,

(घ) प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने, गराउने, र

(ङ) तोकिए बमोजिमको अन्य काम गर्ने।

२३. <u>डीन</u> : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि उपकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, कम्तीमा सह-प्राध्यापक पदमा काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको व्यक्ति डीनको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) डीनको पदावधि चार वर्षको हुनेछ।

(५) डिनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) शैक्षिक तथा अनुसन्धानात्मक कार्यक्रमको रेखदेख गर्ने,

(ख) प्रतिष्ठान अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको विकासका लागि आवश्यक पर्ने कार्य गर्ने, गराउने,

(ग) शिक्षण संस्थामा सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने,

(घ) शिक्षण संस्थालाई शैक्षिक तथा अनुसन्धानको लागि सहयोग र सुविधा दिन सिफारिस गर्ने,

(ङ) कार्यकारी परिषद्‌बाट तोकिएका शिक्षण संस्थाको निरीक्षण, व्यवस्थापन र रेखदेख गर्ने, र

(च) तोकिए बमोजिमको अन्य काम गर्ने।

२४. <u>निर्देशक</u> : (१) अस्पतालको प्रशासकीय प्रमुखको रूपमा काम गर्नको लागि उपकुलपतिको सिफारिसमा सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

(२) मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र, जनस्वास्थ्य, अस्पताल प्रशासन वा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको, कम्तीमा सहप्राध्यापक पदमा काम गरेको वा मन्त्रालय सम्बद्ध निकायमा कम्तीमा दशौं तह वा सो सरहको पदमा काम गरेको व्यक्ति निर्देशकको पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(३) निर्देशक प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(४) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(५) निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अस्पतालको सेवा प्रवाहको सम्बन्धमा आवश्यक रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) अस्पतालको स्वीकृत योजना तथा निर्धारित लक्ष्य अनुरूप अस्पताल सञ्चालन गर्ने,

(ग) अस्पतालको भौतिक पूर्वाधार तथा चल-अचल सम्पत्तिको रेखदेख, संरक्षण र व्यवस्थापन गर्ने, र

(घ) तोकिए बमोजिमको अन्य काम गर्ने।

२५. <u>पदाधिकारीलाई पदबाट हटाउन सकिने</u> : (१) दफा १९ को उपदफा (२), दफा २१ को उपदफा (४), दफा २२ को उपदफा (४), दफा २३ को उपदफा (४) र दफा २४ को उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन वा निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा पद अनुरूपको आचरण नगरेमा वा

इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पूरा नगरेमा वा प्रतिष्ठानको हित विपरीत कुनै कार्य गरेमा त्यस्तो कार्य गर्ने पदाधिकारीलाई जुनसुकै बखत पदमा हटाउन सकिनेछ ।

(२) प्रतिष्ठानका पदाधिकारीमध्ये उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई पदबाट हटाउनु अघि उपदफा (१) बमोजिम कार्य गरेको भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(३) डिन र निर्देशकलाई पदबाट हटाउनु अघि उपदफा (१) बमोजिम कार्य गरेको सम्बन्धमा छानबिन गर्न उपकुलपतिले कार्यकारी परिषद्का सदस्यमध्ये कुनै सदस्यको अध्यक्षतामा अन्य दुईजना विषय विज्ञ रहने गरी एक छानबिन समिति गठन गर्न सक्नेछ।

तर, कार्यकारी परिषद्मा सदस्य रहेका डिन वा निर्देशकउपर यस दफा बमोजिम छानबिन गर्नु पर्ने भएमा कार्यकारी परिषद्को बैठकमा त्यस्तो डिन वा निर्देशक सहभागी हुन पाउने छैन।

(४) उपदफा (२) र (३) बमोजिमको छानबिन समितिले सम्बन्धित पदाधिकारीले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन गरे वा नगरेको सम्बन्धमा छानबिन गरी उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारको हकमा सभासमक्ष र डिन वा निर्देशकको हकमा कार्यकारी परिषद्समक्ष सिफारिस सहित प्रतिवेदन पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम छानबिन समितिको प्रतिवेदन क्रमशः सभा र कार्यकारी परिषद्बाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपतिलाई, सहकुलपतिले शिक्षाध्यक्ष, रजिष्ट्रार र निर्देशकलाई र उपकुलपतिले त्यस्तो डिनलाई जुनसुकै बखत निजको पदबाट हटाउनेछ।

(६) उपदफा (५) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउनु अघि छानबिन समितिले निज उपर लागेको आरोपको सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(७) उपदफा (२) बमोजिम छानबिन समिति गठन भएपछि प्रतिष्ठानका पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

२६. <u>पदपूर्ति समिति</u> : (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक पदपूर्ति समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिमा देहायका सदस्य रहनेछन्:-

(क) दफा ८ को उपदफा (२) को खण्ड (थ) र (द) बमोजिमका सदस्यमध्ये सभाले मनोनयन गरेको सदस्य - अध्यक्ष

(ख) लोक सेवा आयोगको सचिव वा निजले तोकेको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत प्रतिनिधि - सदस्य

(ग) रजिष्ट्रार - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) बमोजिमको अध्यक्षको पदावधि दफा ८ को उपदफा (३) को अधिनमा रही बढीमा तीन वर्षको हुनेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम मनोनीत अध्यक्षको पद कुनै कारणले रिक्त भएमा त्यस्तो पदमा जुन प्रक्रियाबाट मनोनयन गरिएको हो, सोही प्रक्रियाबाट मनोनयन गर्नु पर्नेछ।

(५) पदपूर्ति समितिले उपदफा (१) बमोजिम शिक्षकको नियुक्तिको लागि सिफारिस गर्दा आयोगले तोकेको मापदण्डलाई आधार मानी गर्नु पर्नेछ ।

(६) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(७) पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि पदपूर्ति समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको पदपूर्ति तथा बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>प्रतिष्ठानका शिक्षक तथा कर्मचारी</u> : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा दफा २६ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त प्रतिष्ठानको कर्मचारी प्रशासन सम्बन्धी विनियममा व्यवस्था भएबमोजिम हुनेछ।

२८. <u>कर्मचारी प्रतिष्ठानमा रहन सक्ने</u> : (१) यो ऐन प्रारम्भ हुँदाका बखत गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको नियम वा विनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई मन्त्रालयले प्रतिष्ठानको कर्मचारीको रूपमा रहन स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

## परिच्छेद-८
## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२९. **कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) अध्ययन, तालिम तथा अनुसन्धान, शिक्षण शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट प्राप्त अनुदान रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको रकम प्रचलित कानूनबमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) उपदफा (५) बमोजिम कोषबाट खर्च गर्दा मितव्ययी र कुशलतापूर्वक गर्नुपर्नेछ।

(७) नेपाल सरकारलाई थप दायित्व सिर्जना हुने विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ।

(८) प्रतिष्ठानको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३०. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानून र नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण कार्यकारी परिषद्ले तोकेको प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-९
## विविध

३१. **<u>उपाधि, प्रमाणपत्र, मान्यता र स्तर निर्धारण</u>** : (१) प्रतिष्ठानबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रतिष्ठानले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्नेछ।

(२) प्रतिष्ठानले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) प्रतिष्ठानले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता दिन र स्तर निर्धारण गर्न सक्नेछ।

(४) उपाधि, प्रमाणपत्र, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. **<u>सम्बन्धन वा स्वीकृति दिन नसक्ने</u>** : प्रतिष्ठानले आफ्नो शिक्षण संस्था बाहेक अन्य कुनै शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन।

३३. **<u>समावेशी सिद्धान्तको आधारमा मनोनयन गर्ने</u>** : यो ऐनबमोजिम सभा, प्राज्ञिक परिषद् तथा कार्यकारी परिषद्को सदस्यको मनोनयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यबाट समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

३४. **<u>सिट सङ्ख्या निर्धारण, आरक्षण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षा अध्ययनको सिट सङ्ख्या निर्धारण, आरक्षण, प्रवेश परीक्षा, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति सम्बन्धी व्यवस्था प्रचलित चिकित्सा शिक्षा सम्बन्धी कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।

३५. **<u>समिति गठन गर्न सक्ने</u>** : (१) प्रतिष्ठानको कामका सन्दर्भमा प्रतिष्ठानका सङ्गठनले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्य शर्त तथा कार्याविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्नेछ।

३६. **<u>अधिकार प्रत्यायोजन</u>** : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

३७. **<u>नेपाल सरकारसँग सम्पर्क</u>** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३८. **विघटन हुँदाको परिणाम** : (१) कुनै कारणले प्रतिष्ठान सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा प्रतिष्ठान विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठान विघटन भएमा प्रतिष्ठानको चल, अचल सम्पत्ति र दायित्व नेपाल सरकारको हुनेछ।

३९. **वार्षिक प्रतिवेदन** :(१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले सो आर्थिक वर्षमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन उपकुलपतिमार्फत सभासमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले सो आर्थिक वर्षमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुरा उल्लेख गर्नु पर्नेछ।

४०. **काम कारबाही बदर नहुने** : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भएको वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन बदर वा अयोग्य भएको कारणले मात्र त्यस्तो सदस्य वा पदाधिकारी संलग्न भई गरेको कुनै काम कारबाही बदर हुने छैन।

४१. **स्वीकृति लिनु पर्ने** : प्रतिष्ठानले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा पारिश्रमिक वा कुनै सेवा सुविधा थप गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४२. **पदाधिकारीको पारिश्रमिक, सुविधा र सेवाको सर्त** : उपकुलपति, शिक्षाध्यक्ष, रजिष्ट्रार, डिन र निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका सर्त तोकिए बमोजिम हुनेछ।

४३. **शपथ लिनु पर्ने** : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त वा मनोनयन भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि शपथ सम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४४. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४५. **नियम बनाउने अधिकार:** (१) यस ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियम बनाउन सक्नेछ।

(२)उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४६. **विनियम बनाउन सक्ने** : (१) यस ऐनको अधीनमा रही सभाले शिक्षक तथा कर्मचारी प्रशासन र आर्थिक प्रशासन लगायतका अन्य विषयमा आवश्यक विनियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

४७. **<u>खारेजी र बचाउ</u>** : (१) रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिमको विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व प्रतिष्ठानमा सर्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको गजेन्द्र नारायण सिंह अस्पतालको सम्पूर्ण चल-अचल सम्पत्ति तथा दायित्व प्रतिष्ठानमा सर्नेछ।

(५) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिमा कार्यरत कर्मचारीलाई प्रतिष्ठानको समान स्तर र तहमा सारिनेछ।